# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८१।०७।१२

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य प्रेमबहादुर क्षेत्रीको हृदयघातका कारण ३७ वर्षको अल्पायुमै निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ ।

अचानक छाती दुखेपछि उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेज पुऱ्याइएका क्षेत्रीको उपचारको क्रममा २०८१ कात्तिक १० गते शनिबार राति सोही अस्पतालमा निधन भएको हो । स्वर्गीय क्षेत्रीका श्रीमती र एक छोरी हुनुहुन्छ ।

विगत १७ वर्षदेखि चितवनमा रहेर पत्रकारितामा सक्रिय पत्रकार क्षेत्री पछिल्लो समय विजय एफएम १०६.६ मेगाहर्जमा सहायक स्टेशन म्यानेजर र विजय खबर पत्रिकाको समाचार सम्पादकको रुपमा कार्यरत हुनुहुन्थ्यो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय क्षेत्रीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । र, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org